# चन्द्रागिरी नगरपालिका बलम्बु, काठमाडौँ

# बागमती प्रदेश, नेपाल



# लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन

आ.व. २०८१/२०८२


परामर्शदाता

रत्न प्रसाद श्रेष्ठ

सुरेन्द्र थापा मगर
प्रमुख प्रशासकिय अधिकृत

## विषयसूची


| | |
|---|---|
| १. परिचय | १ |
| २. लैससास परीक्षण आवश्यक हुनुको कारण | २ |
| ३. लैससास परीक्षणको प्रयोजन | ३ |
| ४. परीक्षणले समेट्ने विषयवस्तुहरू | ४ |
| ५. परीक्षण पद्धति | ५ |
| ६. लैससास परीक्षण: अङ्क विभाजन प्रक्रिया | ७ |
| ७. कुल अंक संख्या | १८ |
| ८. माकुरी जालोको रेखाचित्र | १९ |
| ९. सकारात्मक पक्ष र सुधारका क्षेत्रहरू | २० |
| १०. निष्कर्ष | २३ |
| ११. सुझावहरू | २५ |
| १२. JESI-GRB अडिट प्रतिवेदनको प्रस्तुति तथा हस्तान्तरणका तस्वीरहरू | २७ |


चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

सुरेन्द्र थापा मगर
प्रमुख प्रशासकिय अधिकृत

# १. परिचय

नेपालको संविधानले समानुपातिक, समावेशी र अर्थपूर्ण सहभागिताको आधारमा विभेदरहित, समानता र सामाजिक न्यायसहितको समतामूलक तथा सामाजिक, आर्थिक रूपमा समृद्ध समाजको निर्माण गर्ने सङ्कल्प लिएको छ। यसले प्रत्येक व्यक्तिलाई आत्मसम्मानपूर्वक जीवनयापन गर्ने अधिकार र नागरिक स्वतन्त्रता मौलिक अधिकारका रूपमा सुनिश्चित गरेको छ। साथै मानवअधिकार संरक्षण तथा सम्वर्द्धन गर्दै समानुपातिक समावेशी सिद्धान्तअनुसार राज्यका सबै तह र निकायमा सहभागी हुन पाउने हक पनि प्रदान गरेको छ। संविधानका विभिन्न धाराहरूले आर्थिक, सामाजिक, भौगोलिक, प्रशासनिक र राजनीतिक दृष्टिले पछाडि परेका वा परिएका लक्षित वर्ग र समुदायहरू, विशेष गरी महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, उत्पीडित तथा पिछडावर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र आर्थिक रूपमा विपन्न खस आर्य, लाई संरक्षण, सशक्तिकरण, विकास, सामाजिक सुरक्षा र कानूनी संरक्षण गर्ने व्यवस्था गरेको छ। साथै, महिलासम्बन्धी धाराहरूले समान वंशीय अधिकार, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्यका अधिकार, राज्यका सबै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिलामा अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षा क्षेत्रमा सकारात्मक विभेदको व्यवस्था गरेको छ। महिला विरुद्ध हुने हिंसालाई कानुन बमोजिम दण्डनीय बनाइएको छ।

नागार्जुन नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलम्बु, काठमाडौं बागमती प्रदेश

**नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महासन्धिहरूको** , पक्ष राष्ट्र भएर लैङ्गिक समानता, महिला सशक्तिकरण र सामाजिक समावेशीकरणलाई कानूनी रुपमा स्वीकार गर्दै अन्तर्राष्ट्रिय प्रतिबद्धता पनि व्यक्त गरेको छ। सन्धि ऐन, २०४७ को दफा ९(२) अनुसार अन्तर्राष्ट्रिय सन्धिहरूको कार्यान्वयन सबै तहका सरकारको दायित्व हो। नेपालले अनुमोदन गरेका महासन्धिहरूमा महिला विरुद्धको सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि (१९७९), आदिवासी तथा जनजातिसम्बन्धी महासन्धि (१९८९), संयुक्त राष्ट्र संघीय घोषणापत्र (२००७), महिला अधिकार र लैङ्गिक समानताका लागि बेइजिङ्ग कार्यमञ्च (१९९५), दिगो विकास लक्ष्य (२०३०), अपाङ्गता भएका व्यक्तिको अधिकार महासन्धि (२००६), बाल अधिकार महासन्धि (१९८९), जातीय भेदभाव उन्मूलन महासन्धि (१९६५) र अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं.१६९ लगायत छन्। साथै महिला, शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्र सुरक्षा परिषद्का प्रस्तावहरू (नं. १३२५, १८२०) को कार्यान्वयनका लागि दोश्रो राष्ट्रिय कार्ययोजना, २०७६ पनि लागु छ।

**राष्ट्रिय लैङ्गिक समानता नीति** , २०७७ को कार्यान्वयनसँगै प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्दै लैङ्गिक समानतामा उन्मुख हुन राज्यका तीनै तहमा लैङ्गिक उत्तरदायी शासन व्यवस्था विकास गर्न आवश्यक छ। २०६३ देखि सुरु भएको लैङ्गिक उत्तरदायी बजेट प्रणाली अहिले संघ, प्रदेश र स्थानीय तहसम्म विस्तार हुँदैछ। दिगो विकास लक्ष्य अनुसार महिला, बालबालिका, किशोरकिशोरी, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र आदिवासी जनजाति लगायत आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमांतकृत वर्गलाई लक्षित गरी सामाजिक, आर्थिक विकासका कार्यक्रमहरू सञ्चालन भइरहेको छ।

**विकेन्द्रीकरणको सिद्धान्तअनुसार** , स्थानीय सरकारले योजना, कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयनमा लैङ्गिक समानता, महिला सशक्तिकरण, मूलप्रवाहीकरण र सामाजिक समावेशीकरण

सुरेन्द्र थापा मगर
प्रमुख प्रशासकिय अधिकृत

प्रक्रियाहरू अवलम्बन गर्ने प्रतिबद्धता जनाएको छ। पन्ध्रौँ योजना (२०७६/७७–२०८१/२०८२) ले तीनै तहमा लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई संस्थागत गर्ने रणनीति लिएको छ र सोह्रौँ योजनाले यसलाई निरन्तरता दिने घोषणा गरेको छ।

**<u>स्थानीय सरकार सञ्चालन ऐन</u> , २०७४**, मा पनि लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी व्यवस्था उल्लेख छ। दफा ११ अनुसार गाउँपालिका र नगरपालिकालाई जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र असक्तको व्यवस्थापन गर्ने जिम्मेवारी दिइएको छ। दफा २४ मा स्थानीय तहले योजना बनाउँदा सरकारका नीति, लक्ष्य र प्रक्रिया अनुरूप सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु अनुकूल, विपद् व्यवस्थापन, लैङ्गिक र सामाजिक समावेशीकरण विषयलाई ध्यान दिनुपर्ने व्यवस्था छ। साथै महिला, बालबालिका र पिछडिएका वर्गलाई प्रत्यक्ष लाभ पुग्ने योजना र कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने उल्लेख छ।

साथै, वडा समितिले तथ्याङ्क अद्यावधिक, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्त्यजस्ता कार्यहरू सञ्चालन गर्ने व्यवस्था छ। स्थानीय तहले लक्षित वर्ग र समुदायको सहभागितामा लैससास प्रवर्द्धन गर्न जोड दिएको छ।

प्रदेश र स्थानीय तहका लागि तयार पारिएको लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७ र स्थानीय तह लैससास परीक्षण कार्यविधि, २०७७ (नमूना) लाई आधार बनाएर चन्द्रागिरी नगरपालिकाले आर्थिक वर्ष २०८१/२०८२ मा अवलम्बन गरेका नीति, कार्यक्रम र गतिविधिबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको योगदान मूल्याङ्कन गरी आगामी नीति तथा कार्यक्रमहरूमा लैससास दृष्टिकोणलाई मूलप्रवाहीकरण गर्ने उद्देश्यले यो प्रतिवेदन तयार गरेको हो।

नगरपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

## २. लैससास परीक्षण आवश्यक हुनुको कारण

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षण आवश्यक हुनुका पछाडि स्पष्ट कारणहरू रहेका छन्। लैससास परीक्षण दिशानिर्देश, २०७८ अनुसार स्थानीय तहहरूले आफ्नो कार्यप्रणालीमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको वर्तमान अवस्था मूल्याङ्कन गर्न, सुधार गर्नुपर्ने पक्षहरू पहिचान गर्न, र त्यसको समाधानका लागि उपयुक्त रणनीति अवलम्बन गर्न वार्षिक रूपमा लैससास परीक्षण गर्नु अनिवार्य छ। स्थानीय तहमा योजना छनौटदेखि कार्यान्वयनसम्मका सबै चरणहरूमा समावेशी सोच र समान अवसर सुनिश्चित गर्नु अपरिहार्य भएको छ। वस्ती तहबाटै योजना छनौट, प्राथमिकता निर्धारण, बजेट विनियोजन, कार्यक्रम कार्यान्वयन र अनुगमन–मूल्याङ्कनमा लैससास दृष्टिकोणलाई प्रभावकारी रूपमा समाहित गर्न सक्नुपर्छ। यसको लागि नियमित परीक्षण र मूल्याङ्कन आवश्यक हुन्छ, जसबाट सुधारका सम्भावना पहिचान गर्न सकिन्छ।

**लैससास परीक्षणले निम्न कुराहरू सुनिश्चित गर्न मद्दत गर्छ:**

- नीति तथा कार्यक्रमहरूमा समावेशीकरणको अवस्था के कति प्रभावकारी रूपमा समावेश गरिएको छ भन्ने मूल्याङ्कन

सुरेन्द्र थापा मगर
प्रमुख प्रशासकिय अधिकृत

- महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक, अल्पसंख्यक तथा पछाडि पारिएका वर्गहरूको सहभागीता र लाभको स्तर
- बजेटको लैङ्गिक तथा समावेशीकरण दृष्टिकोणबाट उपयोग
- आवश्यक सुधारको पहिचान र त्यसको लागि उपयुक्त उपायहरूको सिफारिस

"सुखी नेपाली, समृद्ध नेपाल" भन्ने राष्ट्रिय लक्ष्यलाई प्राप्त गर्न लैससास दृष्टिकोणलाई योजनाको मूलधारमा समावेश गर्नु अब विकल्प नभई आवश्यकता बनेको छ। यसबाट मात्र हामीले सबै वर्ग र समुदायको समान सहभागिता, पहुँच, अधिकार र सशक्तिकरण सुनिश्चित गर्न सक्छौं।

यसै सन्दर्भमा, चन्द्रागिरी नगरपालिकाले नीति, योजना र बजेटमा लैससासको समावेश कसरी गरिएको छ भन्ने मूल्याङ्कन गर्न परीक्षण आवश्यक छ। यसले समावेशी अभ्यासको प्रभावकारिता बुझ्न र सुधारका उपाय पहिचान गर्न मद्दत गर्छ।

## ३. लैससास परीक्षणको प्रयोजन

चन्द्रागिरी नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षण सम्पन्न गर्नुका पछाडि विभिन्न उद्देश्यहरू रहेका छन्, जसले नगरपालिकामा समावेशी स्थानीय शासन व्यवस्थालाई अझ प्रभावकारी र उत्तरदायी बनाउने लक्ष्य राख्छ। यस परीक्षणले नीति, योजना, कार्यक्रम र बजेटमा लैससास दृष्टिकोणलाई मूलधारमा ल्याउने प्रयासलाई संस्थागत गर्दै समावेशी विकास सुनिश्चित गर्न मार्गनिर्देशन गर्छ। विस्तारित रूपमा, चन्द्रागिरी नगरपालिकाले लैससास परीक्षण गर्न निम्न उद्देश्यहरू निर्धारण गरेको छ:

- संवैधानिक र कानुनी प्रतिबद्धताको पालना: नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, र लैससास परीक्षण दिशानिर्देश २०७८ मा व्यवस्था गरिए अनुसार चन्द्रागिरी नगरपालिकाले अङ्गीकार गरेका नीतिगत दायित्वहरूको स्व–विश्लेषण र मूल्याङ्कन गर्ने।
- कार्यान्वयन अवस्थाको विश्लेषण: नगरपालिकाभित्र लागू भएका लैससाससम्बन्धी नीतिहरूको वर्तमान कार्यान्वयन अवस्थाको समग्र विश्लेषण गरी उपलब्धिहरू, चुनौतीहरू र अन्तरालको पहिचान गर्ने।
- नीति तथा कार्यक्रमको मूलप्रवाहीकरण: नगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेटमा लैससासका सवालहरूलाई रणनीतिक रूपमा मूलप्रवाहीकरण गर्ने।
- सबल पक्षहरूको निरन्तरता: सफल र प्रभावकारी अभ्यास तथा कार्यक्रमहरूलाई संस्थागत गर्दै निरन्तरता दिने र थप सुदृढ बनाउने।
- सुधारका क्षेत्रहरूको पहिचान र कार्ययोजना: कमजोरी वा सुधार गर्नुपर्ने पक्षहरू पहिचान गरी विशेष कार्ययोजना निर्माण र त्यसको कार्यान्वयन सुनिश्चित गर्ने।
- लैससासमैत्री कानुनी र नीतिगत संरचना: नगरपालिकाका ऐन, नियम, निर्देशिका, नीति तथा कार्यक्रमहरूलाई लैससासमैत्री बनाउने प्रयासलाई अगाडि बढाउने।
- नीति तथा बजेटमै प्रतिबद्धता: पहिचान गरिएका सुधारका कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक नीति तथा बजेट व्यवस्थापनमा प्रतिबद्धता जनाउने।

सुरेन्द्र थापा मगर
प्रमुख प्रशासकिय अधिकृत

- स्थायी परीक्षण प्रणालीको स्थापना: लैससास परीक्षणलाई संस्थागत गर्दै समावेशी, न्यायपूर्ण र उत्तरदायी स्थानीय शासन प्रवर्द्धन गर्ने स्थायी प्रणालीको विकास गर्ने।

यसरी, चन्द्रागिरी नगरपालिकाले लैससास परीक्षणलाई केवल एक औपचारिक प्रक्रिया मात्र नभई समावेशी विकास र न्याययुक्त सेवा प्रवाहका लागि आधारशिला मानेर अघि बढाउने रणनीति अख्तियार गरेको छ।

## ४. परीक्षणले समेट्ने विषयवस्तुहरू

चन्द्रागिरी नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षणको क्रममा नगरभित्र सञ्चालन भएका नीतिगत, संस्थागत, प्राविधिक तथा सेवा प्रवाहसम्बन्धी कार्यहरूलाई समेटेर विस्तृत रूपमा मूल्याङ्कन गरेको छ। परीक्षणमा पाँच वटा प्रमुख सूचकहरू तथा ती अन्तर्गत रहेका उप-सूचकहरूको विश्लेषण गरी लैससासको वर्तमान अवस्थाको लेखाजोखा गरिएको छ। यसले नगरपालिकाको समावेशी कार्यप्रणाली, पहुँच र प्रभावकारितालाई मापन गर्न तथा आगामी रणनीतिहरू निर्माण गर्न सहयोग पुर्‍याउँछ।

### १. नीति, कानून, योजना

यस सूचकले नीति निर्माण, कानुनी व्यवस्था, योजना निर्माण र बजेट व्यवस्थापनमा लैससास दृष्टिकोण कति समावेश भएको छ भन्ने विषय समेट्छ:

- नीति र कानूनमा समावेशिता र सहभागिता
- योजना तर्जुमा तथा कार्यान्वयनमा समावेशी सहभागिता
- बजेट तर्जुमा तथा कार्यान्वयनमा लैङ्गिक तथा सामाजिक समावेशीकरणको सुनिश्चितता

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

### २. संस्थागत व्यवस्था

स्थानीय तहको कार्यसञ्चालन, निर्णय प्रक्रियामा समावेशी प्रतिनिधित्व र व्यवस्थापन प्रणालीको प्रभावकारिता मूल्याङ्कन यसअन्तर्गत गरिन्छ:

- कर्मचारी, पदाधिकारी तथा प्रतिनिधित्वमा विविधताको अवस्था
- कार्यप्रणालीमा समावेशिता
- समिति, उपसमिति र कार्यदलमा महिला, दलित, जनजाति लगायत प्रतिनिधित्व
- वित्त व्यवस्थापन प्रणालीमा लैससास दृष्टिकोण
- तथ्याङ्क संकलन तथा व्यवस्थापनको समावेशी स्वरूप

### ३. मानव संसाधन तथा क्षमता विकास

स्थानीय तहमा कार्यरत जनशक्तिको क्षमता, व्यवहार परिवर्तन र सामाजिक सचेतनामा केन्द्रित सूचक हो:

- मानव संसाधन विकास तथा तालिमको पहुँच
- कुप्रथा, लैङ्गिक असमानता तथा हिंसाविरुद्ध जनचेतना

सुरेन्द्र थापा मगर
प्रमुख प्रशासकिय अधिकृत

- कानूनी साक्षरताको अवस्था
- विपद् व्यवस्थापनमा समावेशी सहभागिता

### ४. सेवा प्रवाह

स्थानीय तहबाट नागरिकलाई उपलब्ध गराइने सेवा तथा पूर्वाधारमा समावेशी दृष्टिकोण कति प्रभावकारी छ भन्ने मूल्याङ्कन यसअन्तर्गत हुन्छ:

- समावेशी पूर्वाधार विकास
- प्रजनन स्वास्थ्य सेवाको पहुँच र गुणस्तर
- शिक्षा कार्यक्रममा समावेशी सहभागिता
- खानेपानी तथा सरसफाई सेवामा पहुँच
- स्वरोजगार, आयआर्जन तथा बजार व्यवस्थापनमा समावेशीकरण

### ५. सुशासन तथा उत्तरदायित्व

स्थानीय तहमा पारदर्शिता, जवाफदेहिता र जनसम्पर्क कति प्रभावकारी छन् भन्ने मापन यस सूचकअन्तर्गत गरिन्छ:

- समावेशी सुशासनको अभ्यास
- नागरिक प्रति उत्तरदायित्व र जवाफदेहिताको अवस्था
- सूचना पहुँच र सञ्चार प्रवाह
- अनुगमन तथा मूल्याङ्कन प्रणाली
- समन्वय तथा अन्तरसंस्थागत सम्बन्ध विस्तार

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

यस परीक्षणमार्फत चन्द्रागिरी नगरपालिकाले आफ्नो नीति, योजना र सेवा प्रणालीमा लैससास सिद्धान्तलाई कत्तिको प्रभावकारी रूपमा कार्यान्वयन गरिरहेको छ भन्ने स्पष्ट मूल्याङ्कन गर्न सकेको छ। यसले आगामी दिनमा सुधार र सशक्तिकरणका लागि आवश्यक रणनीतिक दिशा निर्देश गर्ने अपेक्षा गरिएको छ।

## ५. परीक्षण पद्धति

चन्द्रागिरी नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षण विधि

चन्द्रागिरी नगरपालिकाले महिला तथा बालबालिका शाखाको संयोजनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (लैससास) कार्यविधि अनुरूप परीक्षण प्रक्रिया सम्पन्न गरेको छ। यो परीक्षणले नगरपालिकाको नीति, कार्यक्रम, सेवा प्रवाह र संस्थागत अभ्यासमा समावेशी दृष्टिकोण कत्तिको प्रभावकारी रूपमा समाहित गरिएको छ भन्ने मूल्याङ्कन गर्न मद्दत पुर्‍याएको छ। परीक्षणमा विभिन्न विधिहरूलाई संयोजन गरेर तथ्यमा आधारित मूल्याङ्कन गरिएको छ।

परीक्षणका लागि प्रयोग गरिएका प्रमुख विधिहरू निम्नानुसार छन्:

सुरेन्द्र थापा मगर
प्रमुख प्रशासकिय अधिकृत

## (क) दस्तावेजहरूको अध्ययन

पुनरावलोकनको क्रममा नगरपालिकासँग सम्बन्धित नीतिगत, कानुनी तथा प्रशासनिक दस्तावेजहरूको अध्ययन गरी सूचकहरूमा आधारित मूल्याङ्कन गरिएको हो।

अध्ययन गरिएका प्रमुख दस्तावेजहरू:

- आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम
- चन्द्रागिरी नगरपालिकाको विनियोजन ऐन, २०७८
- समावेशी तथा लैङ्गिक सवालमा तयार गरिएका सम्बन्धित नीतिहरू, कार्यविधिहरू
- नगरपालिकाको आधिकारिक वेबसाइटमा प्रकाशित प्रतिवेदन, सूचनाहरू
- ऐन, कानून, कार्यविधि, क्षमता विकास योजना, वार्षिक तथा आवधिक योजना, आर्थिक प्रतिवेदन, प्रगति प्रतिवेदन आदि

## (ख) अन्तरक्रिया तथा समूह छलफल

परीक्षण कार्यविधिमा समावेश सूचकहरूका आधारमा नगरपालिकाका शाखा प्रमुख तथा कर्मचारीहरूसँग अन्तरक्रिया र समूह छलफल गरिएको हो।

- सूचकहरू अनुसार सम्बन्धित शाखाले स्व-मूल्याङ्कन गरी अङ्कभार निर्धारण गरेका थिए
- लैससासको विषयमा हालसम्म भएका सकारात्मक अभ्यासहरू तथा सुधार गर्नुपर्ने पक्षहरू पहिचान गरी समूहमा विश्लेषण गरिएको थियो
- समावेशी कार्यक्रमहरूको प्रभावकारिता र आगामी सुधारका सिफारिसहरू समूह छलफलबाट निकालिएका थिए

चन्द्रागिरि नगरपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

## (ग) प्रत्यक्ष छलफल

लैससास परीक्षणको निष्पक्षता र गहिरो मूल्याङ्कनका लागि नगरपालिकाका विभिन्न तहका नेतृत्व तथा कर्मचारीहरूसँग प्रत्यक्ष संवाद गरिएको थियो:

- प्रमुख, उप–प्रमुख, कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरूसँग भेटघाट
- सूचकहरूमा आधारित विषयवस्तुहरूबारे स्पष्ट जानकारी, टिप्पणी र सुझाव संकलन
- अङ्क निर्धारण पुनः परीक्षण गर्दै आवश्यक परामर्श लिइएको

## (घ) अङ्क मापन

- स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवम् परीक्षण निर्देशिका, २०७७ मा दिइएको तालिका १ को मापदण्ड अनुसार
- हरेक सूचकमा गरिएको स्व–मूल्याङ्कनलाई औसत अङ्कमा परिणत गरी अंक विभाजन गरिएको
- यस प्रणालीमार्फत समग्र लैससास अवस्थाको गुणात्मक र मात्रात्मक मूल्याङ्कन सम्भव भएको

सुरेन्द्र थापा मगर

**थप समावेश गरिएका पक्षहरू:**

- परीक्षणको निष्कर्षले चन्द्रागिरी नगरपालिकाले अपनाएका अभ्यासहरूलाई दिगोपन प्रदान गर्न मद्दत पुर्‍याएको छ
- मूल्याङ्कनपछि प्राप्त सुझावहरूको समावेशी कार्यान्वयनका लागि नीति र बजेटमा प्रतिबद्धता जनाउने तयारी गरिएको छ
- परीक्षणका आधारमा सुधारका क्षेत्रहरू पहिचान गरी आगामी नीति निर्माण र कार्यान्वयनमा प्राथमिकता दिने स्पष्ट दिशा तय गरिएको छ

**निष्कर्षमा:** यो लैससास परीक्षणले चन्द्रागिरी नगरपालिकाको समावेशी शासन अभ्यासलाई व्यवस्थित मूल्याङ्कन गर्न मात्र होइन, आगामी वर्षका लागि सुधारमुखी तथा समावेशी कार्ययोजना निर्माणको आधार समेत प्रदान गरेको छ।

## ६. लैससास परीक्षण: अङ्क विभाजन प्रक्रिया

स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका, २०७७ को प्रावधानअनुसार, मूल्याङ्कनका लागि निर्धारण गरिएका विभिन्न सूचकहरूमा प्रदर्शनको आधारमा अङ्क प्रदान गरिएको छ। निर्देशिकामा उल्लेख भएअनुसार, राम्रो अवस्था (उत्कृष्ट कार्यान्वयन भएको खण्डमा) का लागि १ अङ्क, मध्यम अवस्था (आंशिक कार्यान्वयन भएको खण्डमा) का लागि ०.५ अङ्क, र कमजोर अवस्था (कार्य नगरेको वा न्यून प्रभावकारिता भएको खण्डमा) को लागि ० अङ्क प्रदान गरिने व्यवस्था गरिएको छ। यस मापदण्डले नगरपालिकाको समावेशी अभ्यासको यथार्थ चित्र प्रस्तुत गर्न सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ।

सुरेन्द्र थापा मगर
प्रमुख प्रशासकिय अधिकृत

| क्र.सं. | सूचक र उपसूचकहरु | अङ्क | प्राप्त अङ्क |
|---|---|---|---|
| १ | **नीति, कानून, योजना** | २० | २० |
| १.१ | **नीति र कानूनमा समावेशिता र सहभागिता** | ८ | ८ |
| १.१.१ | स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले भएको, मस्यौदाको विषयवस्तु र शब्द चयन र समावेशी र सहभागितामूलक हुने गरे/नगरेको? | १ | १ |
| १.१.२ | स्थानीय सरकारले आफ्नो नीति, कानून, योजना जारी गर्नुभन्दा अगाडि लैससाको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा गरे/नगरेको? | १ | १ |
| १.१.३ | स्थानीय सरकारको नीति र योजनामा लैगिंक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरु) सम्बन्धी विषयहरु समावेश भए/नभएको ? | १ | १ |
| १.१.४ | स्थानीय सरकारको महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैगिंक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी अलग्गै नीतिहरु छन्/छैनन्? (स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था गरिएको वा नगरिएको) | १ | १ |
| १.१.५ | स्थानीय तहले कार्यान्वयनमा ल्याएको ऐन, नियम तथा कार्यविधिमा महिला तथा बंचितमा परेका समुदाय अर्थात, लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु रोक्न पर्याप्त प्रावधान व्यवस्था गरिएको छ/छैन? | १ | १ |
| १.१.६ | संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा बंचितमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाए/नमिलाएको? | १ | १ |
| १.१.७ | महिला र पुरुषमा श्रमको ज्यालामा विभेद रोक्ने प्रावधान रहे/नरहेको? | १ | १ |
| १.१.८ | स्थानीय तहको नीतिमा रैथाने र आप्रवासी तथा श्रमजीवी उपर हुने विभेद रोक्ने प्रावधान रहे/नरहेको? | १ | १ |
| १.२ | **योजना तर्जुमा तथा कार्यान्वयन** | ८ | ८ |
| १.२.१ | आवधिक योजना र वार्षिक योजना तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, उपलब्धी लक्ष्य समावेश गरिएको छ/छैन? | १ | १ |
| १.२.२ | गाउँपालिकारनगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा बंचितीकरणमा परेको समूहको अवस्था विश्लेषणको आधारमा सो समूहको लागि वा प्रत्यक्ष फाइदा पुग्ने गरी निश्चित प्रतिशत छुट्याउने गरे/नगरेको? | १ | १ |
| १.२.३ | स्थानीय सरकारको योजना सूची लक्षित समूहहरुको सक्रिय सहभागितामा तयार हुने र उनीहरुले छनोट गरेको योजना प्राथमिकीकरणमा पर्ने | १ | १ |

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | गरे/नगरेको (योजना तर्जुमा गर्दा गाउँ, वस्तीस्तरबाट आएका योजना कार्यक्रमहरुलाई समेटे र नसमेटेको परीक्षण)? | | |
| १.२.४ | योजना तर्जुमा गर्दा महिला तथा बंचितिकरणमा परेका समूहहरुको व्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल भए/नभएको? | १ | १ |
| १.२.५ | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समूहहरुको छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने गरिए/नगरिएको (तयारी प्रतिवेदन)? | १ | १ |
| १.२.६ | स्थानीय सरकारले दीगो विकासका लक्ष्यहरु विशेष गरेर लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट बिनियोजन हुने गरेर/नगरेको? | १ | १ |
| १.२.७ | स्थानीय तहका योजना महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र, समुदालाई प्रत्यक्ष लाभ पुग्नेगरी बने/नबनेको? | १ | १ |
| १.२.८ | स्थानीय सरकारका उपभोक्ता समितिहरुमा लक्षित समुहका प्रतिनिधि सहित कम्तिमा ४०% महिलाहरुको सहभागिता भए/नभएको र मुख्य कार्यकारी पदमध्ये एकमा जिम्मेवारी दिए/नदिएको ? | १ | १ |
| **१.३** | **बजेट तर्जुमा तथा कार्यान्वयन** | ४ | ४ |
| १.३.१ | बजेट तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका, अपागंता भएका व्यक्ति, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न समूहहरुसँग बसेर समस्या केलाउने (विश्लेषण) गर्ने गरिएर नगरिएको? | १ | १ |
| १.३.२ | स्थानीय सरकारका क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमित रूपमा गर्न बजेटको व्यवस्था गरिएर नगरिएको? | १ | १ |
| १.३.३. | परीक्षण पश्चात लैङ्गिक तथा सामावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि पर्याप्त बजेट तथा कार्यक्रम बार्षिक योजनामा समावेश गरिए/नगरिएको? | १ | १ |
| १.३.४ | स्थानीय सरकारको बजेट तथा कार्यक्रममा लक्षित समूहहरुको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरुको हितका कार्यक्रममा समयमै खर्च गरिए/नगरिएको? (बजेट तथा कार्यक्रमबीच भिडान) | १ | १ |
| २ | **संस्थागत व्यवस्था** | २० | १९ |
| २.१ | **कर्मचारी पदाधिकारी प्रतिनिधित्व** | ४ | ३ |
| २.१.१ | स्थानीय सरकारको निर्णायक तहमा (कर्मचारी/पदाधिकारी) महिलाहरुको समानरुपमा (५०/५० प्रतिशत) प्रतिनिधित्व रहेको छ/छैन? | १ | १ |

सुरेन्द्र थापा मगर
प्रमुख प्रशासकिय अधिकृत

| | | | |
|---|---|---|---|
| २.१.२ | स्थानीय सरकारका कर्मचारीहरुको पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, वर्ग, लिङ्ग र समुदायका बीच समावेशीकरण हुने गरी कर्मचारीहरुको समावेशी सामानुपातिक प्रतिनिधित्व हुनसक्ने रणनीति लिइएको छ/छैन? | १ | ०.५ |
| २.१.३ | स्थानीय सरकारले महिला तथा विशेष समुदायलाई विशेष सेवा प्रदान सम्बन्धित समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली वा शाखा मार्फत दिने गरेको/नगरेको? | १ | ०.५ |
| २.१.४ | जनप्रतिनिधिहरू तथा कर्मचारीहरुलाई कुनै क्षमता अभिबृद्धिको अवसर प्रदान गर्दा सबैलाई समान अवसर हुने गरी र महिला तथा बंचितिकरणमा परेको समुदायलाई अग्रभाग प्राप्त हुनेगरी सकारात्मक विभेदको नीति लिएको/नलिएको? | १ | १ |
| **२.२** | **कार्यप्रणाली समावेशी** | ४ | ४ |
| २.२.१ | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति छ/छैन? | १ | १ |
| २.२.२ | स्थानीय सरकारमा लैगिंक विकास हेर्ने इकाईको व्यवस्था छ/छैन? (लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको व्यवस्था कार्यशर्त र जिम्मेवारी किटान सहित गरिए/नगरिएको) | १ | १ |
| २.२.३ | स्थानीय सरकारबाट कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुव्र्यवहार, भेदभाव महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरिएको छ/छैन? | १ | १ |
| २.२.४ | योजना तर्जुमा समितिलाई सुझाव दिने दस्तावेज तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता भए नभएको र यस समितिले वडा तहमा योजना सम्बन्धित छलफल समावेशी भए नभएको अनुगमन गरे नगरेको? | १ | १ |
| **२.३** | **समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व** | ४ | ४ |
| २.३.१ | स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा बंचितिकरणमा परेका समुदायबाट महिला र पुरुषको समावेशी प्रतिनिधित्व हुने व्यवस्था रहे/नरहेको? | १ | १ |
| २.३.२ | स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा बंचितिकरणमा परेका समुदायबाट प्रतिनिधिहरुले छलफल तथा निर्णय निर्माणमा स्वस्थ ढंगले भाग लिन पाए/नपाएको? | १ | १ |
| २.३.३ | स्थानीय तहमा संचालित कार्यक्रमहरुको अनुगमन र समीक्षा सम्बन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुले महिला तथा बंचितिकरणमा परेको समुदायको हितहुने गरी विश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने गरे नगरेको? | १ | १ |

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

सुरेन्द्र थापा मगर
प्रमुख प्रशासकिय अधिकृत

| | | | |
|---|---|---|---|
| २.३.४ | स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा बंचितिकरणमा परेका समुदायको हितहुने गरी दिइएका नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वयन हुने गरे नगरेको? | १ | १ |
| २.४ | **वित्त व्यवस्थापन प्रणालीमा समावेशिता** | ४ | ४ |
| २.४.१ | स्थानीय तहमा महिला विकास, लैगिंक हिंसा विरूद्ध, महिला सिप विकास, नेतृत्व विकास तथा क्षमता अभिबृद्धि जस्ता विषयमा स्रोत व्यवस्थापनका लागि वार्षिक आर्थिक ऐनमा उल्लेखगरी छुटै कोष स्थापना गरिएको नगरिएको? | १ | १ |
| २.४.२ | के आदिवासी जनजाति, दलित, अन्य लक्षित समुहका महिलाहरुको विकास र सशक्तिकरणको लागि बजेटको व्यवस्था भएको छ? उनीहरुको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरिएको छ? | १ | १ |
| २.४.३ | के स्थानीय सरकारमा लैङ्गिक डेस्कको विकासको र आवश्यक मानवीय स्रोतहरुका लागि बजेटको व्यवस्था भएको छ? सो अनुसार कार्यक्रम पहिचान गरिएको छ? | १ | १ |
| २.४.४ | स्थानीय सरकारले समावेशी सूचना प्रणाली व्यवस्थापन गर्न बजेटको व्यवस्था गरे नगरेको र कम्प्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्बन्धी सूचना दिने वा नदिने गरेको? | १ | १ |
| २.५ | **तथ्याकं संकलन तथा व्यवस्थापन** | ४ | ४ |
| २.५.१ | के स्थानीय सरकारले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत खण्डिकृत सूचना तथा तथ्याकं संकलन तथा अध्यावधिक गर्ने गरेको छ? (लिगं, उमेर, जात, आर्थिक स्थिति आदि) (गाऊँ, नगर प्रोफाईल) | १ | १ |
| २.५.२ | स्थानीय सरकारले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना तथा तथ्याकं संकलन गर्दा बेरोजगार तथा गरिबको पहिचान गरी छुटाछुटै नक्साकंन गर्ने गरे/नगरेको? (गाऊँ वा नगर प्रोफाईल) | १ | १ |
| २.५.३ | के स्थानीय सरकारले आफ्नो पाश्र्यचित्रमा आधारित खण्डीकृत तथ्याकं र सूचनालाई आधार मानि स्थानीय विकास योजना तर्जुमा गर्ने गरेको छ? | १ | १ |
| २.५.४ | स्थानीय सरकारले आफ्नो क्षेत्रका सामाजिक सुरक्षा पाउनेहरू र पंजिकरणको अभिलेख व्यवस्थापन तथा तथ्याकं अध्यावधिक गर्ने गरे नगरेको? | १ | १ |
| ३. | **मानव संसाधन तथा क्षमता विकास** | २० | १८ |
| ३.१ | **मानव संसाधन तथा क्षमता विकास** | ८ | ६.५ |
| ३.१.१ | लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरे नगरेको र छुटै शिर्षकमा बजेट विनियोजना भए/नभएको र यस्तो रकम खर्च गर्ने कार्यविधि स्वीकृत भई कार्यान्वयनमा आए/नआएको? | १ | ०.५ |
| ३.१.२ | स्थानीय सरकारका पदाधिकारी र कर्मचारीहरुले लैगिंक हिंसा सम्बन्धी तालिम लिएका छन् छैनन्? र तालिम कार्यक्रममा लक्षित समूह तथा अन्य | १ | १ |

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

सुरेन्द्र थापा मगर
प्रमुख प्रशासकिय अधिकृत

| | | | |
|---|---|---|---|
| | सबै महिला र पुरुषको समान सहभागिता र उपस्थिति सुनिश्चितता गरिएको थियो वा थिएन? | | |
| ३.१.३ | तालिमका विषयवस्तुको प्रस्तुतीकरणमा लैगिंक संवेदनशील भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिने गरिएको छ/छैन? | १ | १ |
| ३.१.४ | महिला तथा लक्षित समुहका पदाधिकारीको क्षमता अभिबृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरु (प्राविधिक तालिम, क्षमता तालिम, भ्रमण) छन्/छैनन्? सो अनुसारको बजेट विनियोजना गरिएको छ/छैन? | १ | १ |
| ३.१.५ | के स्थानीय सरकारमा लैगिंक समानता तथा सामाजिक समावेशी सम्बन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय स्रोत छन्? (विषयगत तालिम प्राप्त जनशक्ति संख्या) | १ | १ |
| ३.१.६ | के स्थानीय सरकारमा मानव संसाधन विकास केन्द्र वा शाखा वा इकाइको व्यवस्था छ? | १ | ० |
| ३.१.७ | महिला र बंचितिकरणमा परेको समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा संचालन कार्यक्रम रहे नरहेको र कार्यान्वयन भए नभएकको? (संचालित तालिम कार्यक्रम संख्या र उपस्थिति) | १ | १ |
| ३.१.८ | महिला विकासका लागि भएका बेइजिगं घोषणा पत्रका बाह्रवटा प्रतिबद्धताहरुका बारेमा स्थानीय सरकारका पदाधिकारीहरु वा कर्मचारीहरुलाई जानकारी छ? सोको लागि अभिमुखीकरण गरिएको छ? (कार्यक्रम संख्या र उपस्थिति) | १ | १ |
| **३.२** | **अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना** | **४** | **३.५** |
| ३.२.१ | महिला विरुद्ध सबै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरु र सो अनुसारको बजेट बिनियोजन गरी कार्यक्रम समयमा नै सम्पन्न गरेको छ? (कार्यक्रम संख्या र उपस्थिति) | १ | १ |
| ३.२.२ | लैङ्गिक हिंसारहित गाउँ/नगरपालिका घोषणा गरेको छ? (घोषणा गरेको मिति) र महिला हिंसा विरुद्ध सून्य सहिष्णुता अपनाएको छ? (घटेका घटना संख्या लिइएका निर्णय) | १ | ०.५ |
| ३.२.३ | स्थानीय सरकारले महिला विरूद्ध सबै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरु संचालन गर्ने गरेको छ? (कार्यक्रम संख्या र उपस्थिति तथा निर्णय पुस्तिका) | १ | १ |
| ३.२.४ | के स्थानीय सरकारले समाजमा रहेका विभिन्न कुसंस्कार जस्तै (जातिगत छुवाछुत, छाउपडी, बालविवाह, बहुविवाह, दाइजो, आदि जस्ता सामाजिक कुरीति हटाउन कार्यक्रमहरु संचालन गर्ने गरेको छ? (कार्यक्रम संख्या र उपस्थिति) | १ | १ |
| **३.३** | **कानूनी साक्षरता** | ४ | ४ |
| ३.३.१ | स्थानीय तहका महिला तथा समावेशी समूहबाट निर्वाचित भएका समेत जनप्रतिनिधिहरू र पालिकामा कार्यरत कर्मचारीलाई नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, अन्तर सरकार वित्त व्यवस्थापन ऐन, मुलुकी | १ | १ |

चन्द्रागिरि नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलम्बु, काठमाडौं बागमती प्रदेश, नेपाल

सुरेन्द्र थापा मगर
प्रमुख प्रशासकिय अधिकृत

| | | | |
|---|---|---|---|
| | संहिताहरु, विषयगत कानूनहरु, पालिकाले जारी गरेका कानूनहरु र अन्य प्रचलित महत्वपूर्ण कानूनहरुको बारेमा अभिमुखीकरण गर्ने गरे/नगरेको? | | |
| ३.३.२ | स्थानीय तहका कार्यपालिका सदस्यहरु, सभाका सदस्यहरु र पालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखहरुलाई कानूनको मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया र समाधान गर्नुपर्ने मूल समस्या तथा सवाल लगायत मुख्य विषयवस्तुका सम्बन्धमा समय समयमा अभिमुखीकरण गर्ने गरे/नगरेको? | १ | १ |
| ३.३.३ | के महिलाहरुको लागि कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरु संचालित भएका छन्? (जस्तैः कानूनी हक अधिकार, एकल महिला, मानव बेचबिखन विरुद्ध कार्यक्रम, छाउपडी प्रथा विरुद्ध कार्यक्रम आदिबारे अनुशिक्षण) | १ | १ |
| ३.३.४ | महिलाहरुको लागि संचालित कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरु संचालनबाट के उनीहरु लाभान्वित भएका छन्? (जस्तैः कानूनी हक अधिकार, एकल महिला, मानव बेचबिखन विरुद्ध कार्यक्रम, छाउपडी प्रथा विरुद्ध कार्यक्रम आदिबारे अनुशिक्षण र यसको असर) | १ | १ |
| **३.४** | **विपद व्यवस्थापनमा समावेशिता** | ४ | ४ |
| ३.४.१ | स्थानीय सरकारले विपद व्यवस्थापन सम्बन्धी मापदण्ड, रणनीति, कार्यनीति सहितको कार्यविधि स्वीकृत गर्दा महिला तथा बंचितिकरणमा परेका समुदायसँग परामर्श गरे/नगरेको र यस्ता दस्तावेजमा सिमान्तीकृत वर्ग र समुदायलाई लक्षित गरी विशेष राहत र महिला पुरुषलाई अलग अलग संरक्षणको प्रावधान गरे/नगरेका ? | १ | १ |
| ३.४.२ | स्थानीयस्तरको विपद सम्बन्धी तथ्याकं संकलन, नक्सांकन तथा व्यवस्थापन गर्दा लाभान्वित समूहमा महिला तथा बंचितिकरणमा परेका समुदाय समेतको खण्डीकृत तथ्याकं राखी आपतकालीन कार्य संचालन तथा राहत वितरण गर्ने/नगरेको ? | १ | १ |
| ३.४.३ | समुदायमा आधारित विपद व्यवस्थापन सम्बन्धी कार्यगर्दा लाभान्वित समूहमा महिला तथा बंचितिकरणमा परेको समुदाय समेतको सहभागितामा उनीहरुलाई पहिलो प्रथामिकतामा राखी गर्ने गरे/नगरेको? | १ | १ |
| ३.४.४ | विपद व्यवस्थापन कोषको स्थापना तथा संचालन स्रोत परिचालन गर्दा महिला तथा बंचितिकरणमा परेको समुदाय समेतको सहभागितामा निर्माण गर्ने/नगरेको? | १ | १ |
| **४.** | **सेवा प्रवाह** | २० | १३ |
| **४.१** | **पूर्वाधार विकास** | ४ | १.५ |
| ४.१.१ | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणको लागि ड्इङ डिजायन, लगत अनुमान तयार गर्दा संरचना निर्माण भएपछि महिला, बालबालिका, अपागंता भएका व्यक्तिले निर्बाध प्रयोग गर्न सकिने गरी लैङ्गिक, बाल र अपागं मैत्री/संवेदनशील संरचनाको प्रावधान सहित हुने गरे/नगरेको? | १ | ० |
| ४.१.२ | स्थानीय तहका भवन, भौतिक पुर्वाधार तथा संरचनाहरु, शिक्षा, स्वास्थ्य र अन्य संरचनाहरु निर्माण गर्दा महिला, अपागंता भएका व्यक्ति तथा | १ | १ |

नागार्जुन नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलम्बु, काठमाडौं बागमती प्रदेश, नेपाल

सुरेन्द्र थापा मगर
प्रमुख प्रशासकिय अधिकृत

| | | | |
|---|---|---|---|
| | बालमैत्रीयुक्त दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी निर्माण गरिएको छ/छैन? | | |
| ४.१.३ | स्थानीय तहले १५०० वर्गफिटभन्दा बढी प्लीन्थ क्षेत्रफल भएका निजी तथा सार्वजनिक भवन तथा संरचना निर्माण सम्वन्धी नक्सा स्वीकृत गर्दा महिला, अपांगता भएका व्यक्ति तथा बालमैत्रीयुक्त दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी संरचना तयार गर्न निर्देशन दिने गरिएको छ/छैन? | १ | ०.५ |
| ४.१.४ | स्थानीय तहले महिला तथा बंचितिकरणमा परेको समुदायलाई लक्षित गरी परम्परागत तथा आधुनिक उर्जा (जन विद्युत, विभिन्न बैकल्पिक उर्जा स्रोतबाट प्राप्त हुने उर्जा, सुधारिएको चुलो आदि) को प्रयोग गर्न सकारात्मक वातावरण प्रोत्साहन गर्ने आयोजनाहरु रहे नरहेको? | १ | ० |
| **४.२** | **प्रजनन् स्वास्थ्य** | **४** | **१.५** |
| ४.२.१ | गर्भवती महिलालाई जोखिमयुक्त खतरायुक्त काममा नलगाउने गरी वार्षिक नीति र कार्यक्रममा प्रजनन् स्वास्थ्य सम्बन्धी नीति र कार्यक्रम समावेश भए नभएको ? | १ | ० |
| ४.२.२ | स्थानीय तहको कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी सम्भव भएका सार्वजनिक स्थलहरुमा बच्चालाई स्तनपानका निमित्त अलग्गै कक्ष र समयको व्यवस्था र सोको व्यवस्थापन गरिएको छ छैन? | १ | ०.५ |
| ४.२.३ | परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यक्रम लगायत महिलाहरुको स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरु संचालन गरिएका छन्? | १ | १ |
| ४.२.४ | महिला, गरिब, निमुखा र बंचितिकरणमा परेका व्यक्तिहरुको स्वास्थ्य बिमा गर्न सहजीकरण र सहयोग गर्ने कार्यक्रम र बजेट भए नभएको? | १ | ० |
| **४.३** | **शिक्षा कार्यक्रम** | **४** | **४** |
| ४.३.१ | स्थानीय तहले आफ्नो पालिका भित्रका विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने प्रबन्ध मिलाए नमिलाएको? | १ | १ |
| ४.३.२ | स्थानीय तहले आफ्नो पालिका भित्रका आर्थिक अवस्था कमजोर भएका परिवारका बालिका तथा बंचितिकरणमा परेका समूदायका सबै बालबालिकालाई दिवा खाजा, निशुल्क पाठ्यपुस्तक र शैक्षिक सामाग्री तथा पोसाक उपलब्ध गराउन छात्रावृत्तिको व्यवस्था गरी निशपक्ष वितरण हुने प्रवन्ध मिलाए नमिलाएको? | १ | १ |
| ४.३.३ | निरक्षर महिलाहरुको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरु संचालित भए नभएका? (जस्तैः अभिभावक शिक्षा, प्रोढ तथा किशोरी कक्षाहरु, साथी शिक्षा, कार्यमूलक प्रौढ शिक्षा, बच्चा देखि बच्चा कक्षा, आदि) (कार्यक्रम संख्या र पटक तथा सहभागी संख्या) | १ | १ |
| ४.३.४ | विद्यालय छात्र र छात्राको लागि छुटा छुटै शौचालय, किशोरी छात्राको लागि प्याड र यौन शिक्षा सहजीकरण कार्यक्रम संचालन हुने गरे नगरेको? | १ | १ |
| **४.४** | **खानेपानी तथा सरसफाई** | **४** | **२.५** |

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

सुरेन्द्र थापा मगर
प्रमुख प्रशासकिय अधिकृत

| | | | |
|---|---|---|---|
| ४.४.१ | गाउँपालिका/नगरपालिकामा सफा पिउने पानी, सफासँग हात धुने व्यवस्था, महिला र पुरुषका लागि अलग्गै शौचालयको व्यवस्था र स्यानीटाइजरको उपयोग गर्ने प्रवन्ध भए नभएको? | १ | ०.५ |
| ४.४.२ | स्थानीय तहको आयोजना तथा स्थानीय महिलाहरुको सक्रिय सहभागितामा वडा वडामा खुला दिसामुक्त पालिका, घरघरमा शौचालय, डाँडा र गौंडामा पोखरी, टोल सफाई अभियान जस्ता कार्यक्रम संचालन हुने गरे नगरेको? | १ | ०.५ |
| ४.४.३ | कुहिने र नकुहिने घरायसी फोहोर छुटाउने व्यवस्था, फोहोर संकलन तथा विसर्जन, घरघरमा भान्छाको फोहोर र पानीबाट करेसाबाली तथा गमला र फुलबारी जस्ता कायृक्रममा महिला र पुरुषको समान सहभागिता हुनुपर्ने जस्ता चेतना अभिबृद्धि कार्यक्रम संचालन हुने गरे नगरेको? | १ | ०.५ |
| ४.४.४ | महिलाहरु बढीमात्रामा संलग्न हुने कार्यमा सफापानीको सहज व्यवस्थाका लागि स्थानीय महिलाहरुको सक्रिय सहभागितामा आकासेपानी संकलन र भण्डारण, परम्परागत इनार कुवाको पुनर्जीविकरण र रिचार्जिङ कार्यक्रम संचालन हुने गरे नगरेको? | १ | १ |
| **४.५** | **स्वरोजगार, आयआर्जर र बजार व्यवस्थापन** | **४** | **३.५** |
| ४.५.१ | स्थानीय सरकारको योजना तर्जुमा गर्दा बेरोजगार तथा गरीबीको नक्साकंनको समेत आधार लिई महिला तथा बंचितिकरणमा परेको समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरु राख्ने र वार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गरिएको छ/छैन ? | १ | १ |
| ४.५.२ | स्थानीय सरकारको स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा बचिंतिकरणमा परेको समुदायको क्षमता विकासको लागि कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्ने गरे नगरेको? (कार्यक्रम संख्या र उपस्थिति) | १ | १ |
| ४.५.३ | ग्रामीण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी परिचालक तयार गर्ने गरे नगरेको? (मनोनयन, नियुक्ति वा गठन र तालिम सम्बन्धी सुचकांक) | १ | ०.५ |
| ४.५.४ | गरिब तथा बचिंतिकरणमा परेको समुदायको पहुँच र क्रयशक्ति अनुरुप सुपथमूल्य सहकारी पसलहरुको व्यवस्थापनमा पालिकाको कार्यक्रम कार्यान्वयन भए नभएको? | १ | १ |
| **५** | **सुशासन** | **२०** | **१८.५** |
| **५.१** | **सुशासन तथा उत्तरदायित्व** | **४** | **४** |
| ५.१.१ | स्थानीय तहले स्थानीय सेवा प्रवाह, विकास निर्माण र स्थानीय शासनका विषयमा कार्यपालिका तथा सभाबाट नीति, कानून जारी गरी सोही कानून बमोजिम सम्बन्धित अधिकारीबाट निर्णय गरी कामकाज गर्ने गरेको वा तदर्थ निर्णय गरी कामकाज हुने गरेको? | १ | १ |

चन्द्रागिरि नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलम्बु, काठमाडौं बागमती प्रदेश, नेपाल

सुरेन्द्र थापा मगर
प्रमुख प्रशासकिय अधिकृत

| | | | |
|---|---|---|---|
| ५.१.२ | स्थानीय तहले विधिको शासन, व्यापक जनसहभागिता, भ्रष्टाचार बिरुद्ध शून्य सहनशीलता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा बंचितिकरणमा परको समुदायलाई अग्राधिकार जस्ता नीति कार्यान्वयमा ल्याए नल्याएको? | १ | १ |
| ५.१.३ | महिला विकासका लागि भएका बेइजिगं घोषण पत्रका बाह्रवटा प्रतिबद्धताहरुका क्षेत्रका कार्यक्रम तय गरी कार्यान्वय गर्ने गरेको छ? (कार्यक्रम संख्या र उपस्थिति) | १ | १ |
| ५.१.४ | संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी, १९८९ मा गरिएका प्रतिबद्धता कार्यान्वय गर्न कार्यक्रमहरुमा रकम विनियोजन गरी कार्यक्रमहरु समयमै सम्पन्न गरेको छ? | १ | १ |
| **५.२** | **उत्तरदायित्व र जवाफदेहिता** | ४ | ४ |
| ५.२.१ | स्थानीय सरकारले नियमित रुपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्न गरे नगरेको ? | १ | १ |
| ५.२.२ | स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा बंचितिकरणमा परेका व्यक्ति तथा समुदायका सदस्यको उपस्थिति रहने गरे नगरेको ? | १ | १ |
| ५.२.३ | स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा बंचितिकरणमा परेका व्यक्ति तथा समुदायका तर्फबाट स्थानीय सरकारले लिएको नीति तथा कार्यक्रम र सो को कार्यान्वयनका विषयमा आवाज उठ्ने गरे नगरेको र यसरी उठेको प्रश्न उपर स्थानीय सरकारबाट सम्बोधन हुने गरे नगरेको ? | १ | १ |
| ५.२.४ | स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याए नल्याएको**?** | १ | १ |
| **५.३** | **सूचना तथा संचार** | ४ | ३ |
| ५.३.१ | स्थानीय सरकारले नियमितरुपम समग्र वार्षिक योजना तथा कार्यक्रमको सार्वजनिक गर्ने गरे नगरेको र महिला, बालबालिका तथा आदिवासी जनजाति, मधेशी, मुश्लिम, पछाडिपारिएको समुदाय, दलित, अपागंता भएका व्यक्तिहरु, जेष्ठनागरिकलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सरोकारवालाले थाहा पाउनेगरी सार्वजनिक गरे नगरेको ? | १ | १ |
| ५.३.२ | स्थानीय सरकारले स्थानीय सूचना स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने गरे नगरेको ? | १ | ०.५ |
| ५.३.३ | के स्थानीय सरकारले स्थानीय रेडियो, एफएम र छापा माध्यमद्धारा समावेशीकरण तथा लैगिंक समानता सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने गरेको छ ? | १ | १ |

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

सुरेन्द्र थापा मगर
प्रमुख प्रशासकिय अधिकृत

| | | | |
|---|---|---|---|
| ५.३.४ | के स्थानीय स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न वर्ग (आदिवासी, जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग) अपागंता भएका व्यक्तिहरु, जेष्ठ नागरिक लगायत अनय लक्षित समुहहरुको सूचना, शिक्षा, तथा संचारसम्बन्धी कार्यक्रमहरुको प्रवाहबाट यी वर्गहरुको जनचेतनामा बृद्धि भएको छ? (आधार तथ्यांकसँग समेत तुलना गर्न सकिने) | १ | ०.५ |
| **५.४** | **अनुगमन तथा मूल्यांकन** | ४ | ४ |
| ५.४.१ | के कार्यक्रम तथा परियोजना कार्यान्वयबाट सम्बन्धित समुदायले पूरा लाभ लिन सकेको छ? | १ | १ |
| ५.४.२ | के स्थानीय सरकारले संचालन गरेका कार्यक्रमको अनुगमन, मूल्यांकन गर्दा लैगिंक समानता तथा सामाजिक समावेशी विकास सम्बन्धी कार्यक्रमहरुको संचालनबाट सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ? | १ | १ |
| ५.४.३ | के स्थानीय सरकारको समीक्षा बैठकमा महिला, बालबालिका, सबै जातजातिका विपन्न वर्ग (आदिवासी, जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग) अपागंता भएका व्यक्तिहरु जेष्ठनागरिक लगायतलाई लक्षित कार्यक्रममाथि छलफल गर्ने गरेको छ? | १ | १ |
| ५.४.४ | के अनुगमन तथा मूल्यांकनबाट सिकेका पाठहरु कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ ? | १ | १ |
| **५.५** | **समन्वय र सम्बन्ध बिस्तार** | ४ | ३.५ |
| ५.५.१ | स्थानीय तहले संघ र प्रदेश सरकारहरुले तय गरेका नीति, कानून, तथा कार्यक्रमहरुको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गर्ने गरे नगरेको ? | १ | १ |
| ५.५.२ | लैगिंक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरुबीच संजाल बनी कार्यगत छलफल तथा यस क्षेत्रको विकासका लागि नियमितरुपमा कार्य हुने गरे नगरेको ? | १ | १ |
| ५.५.३ | लैगिंक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरुबीच कार्यगत संयन्त्र (संजाल) का प्रतिनिधिहरुलाई लैगिंक तथा समावेशी विकास सम्बन्धी क्षमता विकास तालिमहरु प्रदान गर्ने गरेको नगरेको? | १ | १ |
| ५.५.४ | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्बाट पारित प्रस्तावना नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्यायोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत बिरुद्धको कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरुमा रकम विनियोजन तथा कार्यान्वयन गर्ने गरे नगरेको? | १ | ०.५ |

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

सुरेन्द्र थापा मगर
प्रमुख प्रशासकिय अधिकृत

## ७. कुल अंक संख्या

लैससास परीक्षणका सूचक तथा उपसूचकहरूमा प्राप्त अङ्कभारहरूलाई समेटी कुल अङ्कको गणना गरिएको हो। लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण अन्तर्गत चन्द्रागिरी नगरपालिकाले विभिन्न सूचक तथा उपसूचकहरूमा प्राप्त गरेको अङ्क निम्नानुसार रहेको छ।


| सूचक | सूचकहरु | उपसूचकहरु | प्राप्ताङ्क अङ्क | कुल अङ्क |
|---|---|---|---|---|
| १ | नीति, कानून, योजना | १.१, १.२ र १.३ | ८ + ८ + ४ | २० |
| २ | संस्थागत व्यवस्था | २.१, २.२, २.३, २.४ र २.५ | ३ + ४ + ४ + ४ + ४ | १९ |
| ३ | मानव संसाधन तथा क्षमता विकास | ३.१, ३.२, ३.३ र ३.४ | ६.५ + ३.५ + ४ + ४ | १८ |
| ४ | सेवा प्रवाह | ४.१, ४.२, ४.३, ४.४ र ४.५ | १.५ + १.५ + ४ + २.५ + ३.५ | १३ |
| ५ | सुशासन तथा उत्तरदायित्व | ५.१, ५.२, ५.३, ५.४ र ५.५ | ४ + ४ + ३ + ४ + ३.५ | १८.५ |
| | | | कुल प्राप्ताङ्क | ८८.५ |

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

सुरेन्द्र थापा मगर
प्रमुख प्रशासकिय अधिकृत

## ८. माकुरी जालोको चित्र

माथि उल्लेखित प्राप्त अङ्कहरू माकुरी जालो चित्रमा उतारी तलको रूपमा प्रस्तुत गरिएको छ।




चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

सुरेन्द्र थापा मगर
प्रमुख प्रशासकिय अधिकृत

## ९. सकारात्मक पक्ष र सुधारका क्षेत्रहरू

चन्द्रागिरी नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको क्रममा प्राप्त विवरणहरू र सहभागीहरूसँग भएको छलफलका आधारमा गरिएको विश्लेषणबाट देखिएका सवल पक्षहरू तथा सुधार गर्नुपर्ने पक्षहरू देहायअनुसार प्रस्तुत गरिएको छ: -

**नीति र कानूनमा समावेशिता र सहभागिता :**

| सकारात्मक पक्षहरू | सुधारका सिफारिसहरू |
|---|---|
| • नीति तथा कानून (8/8) – समावेशी नीति र कानुनी व्यवस्था सशक्त छन्। | • कार्यान्वयन तथा अनुगमन प्रणालीलाई अझ मजबुत बनाउन सिफारिस गरिन्छ। |
| • योजना तर्जुमा (8/8) – महिला र लक्षित समूहको सहभागिता प्रभावकारी। | • दीगो विकास लक्ष्यको मूल्यांकन प्रणालीलाई अझ विकसित गर्न सिफारिस गरिन्छ। |
| • बजेट तर्जुमा (4/4) – लक्षित समूहका लागि बजेट सुनिश्चित। | • बजेट खर्चको परिणाम मूल्यांकनमा थप जोड दिन सिफारिस गरिन्छ। |

**संस्थागत व्यवस्था**

| सकारात्मक पक्षहरू | सुधारका सिफारिसहरू |
|---|---|
| • **प्रतिनिधित्व (3/4):** महिलाको निर्णायक तहमा सहभागिता र क्षमता विकास। | • समावेशी रणनीति र विविध प्रतिनिधित्वलाई थप सुदृढ गर्न सिफारिस गरिन्छ। |
| • **समावेशी कार्यप्रणाली (4/4):** लैङ्गिक इकाइ, आचारसंहिता र नीति प्रभावकारी। | • वडा तहमा कार्यान्वयन र अनुगमन प्रणालीलाई अझ मजबुत पार्न सिफारिस गरिन्छ। |
| • **समिति प्रतिनिधित्व (4/4):** समावेशी सहभागिता र सुझाव कार्यान्वयन सुनिश्चित। | • सहभागिता, गुणस्तर र निरन्तर समीक्षा आवश्यकतालाई अझ बढी जोड दिन सिफारिस गरिन्छ। |
| • **वित्त प्रणाली (4/4):** लैङ्गिक बजेट, कोष र सूचना प्रणाली व्यवस्था राम्रो। | • बजेटको प्रभावकारिता र पारदर्शिता बढाउन अझ बढी प्रयास गर्न सिफारिस गरिन्छ। |
| • **तथ्यांक व्यवस्थापन (4/4):** खण्डीकृत तथ्यांक संकलन र योजनामा प्रयोग। | • नीति निर्माणमा तथ्यांकको उपयोगलाई अझ सशक्त बनाउन सिफारिस गरिन्छ। |

चन्द्रागिरि नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलम्बु, काठमाडौं बागमती प्रदेश, नेपाल

**मानव संसाधन तथा क्षमता विकास**

| सकारात्मक पक्षहरू | सुधारका सिफारिसहरू |
|---|---|
| • **क्षमता विकास (6.5/8):** महिला लक्षित तालिम, अभिमुखीकरण, लैङ्गिक समावेशी तालिम प्रभावकारी। | • मानव स्रोत इकाइको स्थापना र कार्ययोजना कार्यान्वयनमा बल दिन सिफारिस गरिन्छ। |
| • **कुसंस्कार विरुद्ध जनचेतना (3.5/4):** कुरीति र हिंसा विरुद्ध कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन। | • सहभागिता र बजेटलाई अझ विस्तार गर्न सिफारिस गरिन्छ। |

सुरेन्द्र थापा मगर
प्रशासकिय अधिकृत

| | |
|---|---|
| • **कानुनी साक्षरता (4/4):** महिलालाई लक्षित कानुनी शिक्षा तथा जनप्रतिनिधि अभिमुखीकरण राम्रो। | • निरन्तरता र मूल्याङ्कन प्रणालीलाई थप मजबुत बनाउन सिफारिस गरिन्छ। |
| • **विपद् समावेशिता (4/4):** समावेशी रणनीति, राहत वितरण र सहभागिता सन्तोषजनक। | • सिमान्तकृत समुदायको पहुँचलाई थप सुदृढ गर्न सिफारिस गरिन्छ। |

सेवा प्रवाह

| सकारात्मक पक्षहरू | सुधारका सिफारिसहरू |
|---|---|
| • **पूर्वाधार (1.5/4):** केही संरचनामा समावेशी दृष्टिकोण अपनाइएको छ। | • सबै संरचना महिला, बालबालिका र अपांगमैत्री बनाउन अनिवार्य निर्देशिका तयार गर्न सिफारिस गरिन्छ। |
| • **प्रजनन स्वास्थ्य (1.5/4):** स्वास्थ्य कार्यक्रम सञ्चालनमा छन्। | • स्तनपान कक्ष स्थापना, जोखिमयुक्त काममा रोकथाम तथा स्वास्थ्य बीमा व्यवस्था सुनिश्चित गर्न सिफारिस गरिन्छ। |
| • **शिक्षा (4/4):** छात्रवृत्ति, शौचालय र यौन शिक्षा कार्यक्रम प्रभावकारी छन्। | • छात्रवृत्ति, शौचालय र यौन शिक्षा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरिएको छ। यस्ता कार्यक्रमहरू निरन्तरता दिई अझ सुदृढ गर्न सिफारिस गरिन्छ |
| • **पानी/सरसफाई (2.5/4):** सरसफाई अभियान र महिलाको सहभागिता राम्रो छ। | • फोहोर व्यवस्थापन र जनचेतना कार्यक्रमलाई अझ प्रभावकारी रूपमा लागू गर्न सिफारिस गरिन्छ। |
| • **स्वरोजगार (3.5/4):** सीप विकास, सहकारी पसल र उद्यमशीलता कार्यक्रम प्रभावकारी छन्। | • सीप विकास, सहकारी पसल र उद्यमशीलता कार्यक्रम प्रभावकारी छन्। यस्ता कार्यक्रमहरू अझ सुदृढ र समावेशी बनाउन सिफारिस गरिन्छ। |

सुशासन

| सकारात्मक पक्षहरू | सुधारका सिफारिसहरू |
|---|---|
| • **सुशासन तथा उत्तरदायित्व** (4/4) – नीति, सेवा, सहभागिता र उत्तरदायित्वमा प्रभावकारी अभ्यास। | • लैङ्गिक र समावेशी नीतिहरूलाई अझ बढी संस्थागत गर्न सिफारिस गरिन्छ। |
| • **जवाफदेहिता** (4/4) – सूचना सार्वजनिकता र सहभागितामा सशक्तता। | • उठाइएका प्रश्नहरूको जवाफदेहितालाई अझ मजबुत बनाउन सिफारिस गरिन्छ। |
| • **सूचना तथा संचार** (3/4) – समावेशी सूचना प्रवाह र माध्यम प्रयोग प्रभावकारी। | • आवश्यकता अनुसार स्थानीय भाषामा सूचना विस्तारलाई अझ प्रवर्द्धन गर्न सिफारिस गरिन्छ। |

सुरेन्द्र थापा मगर
प्रमुख प्रशासकिय अधिकृत

| | |
|---|---|
| • **अनुगमन तथा मूल्यांकन** (4/4) – समावेशी दृष्टिकोणबाट अनुगमन र सुधारमा सक्रियता। | • सिकाइहरू योजनामा समेट्ने प्रक्रिया निरन्तर बनाइरहन सिफारिस गरिन्छ। |
| • **समन्वय र सम्बन्ध विस्तार** (3.5/4) – संघ, प्रदेश र सरोकारवालासँग सहकार्य। | • राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा थप सक्रियता बढाउन सिफारिस गरिन्छ। |

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

सुरेन्द्र थापा मगर
प्रमुख प्रशासकिय अधिकृत

## १०. निष्कर्ष

आर्थिक वर्ष २०८१/०८२ मा चन्द्रागिरी नगरपालिकाले सञ्चालन गरेको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (JESI GRB) परीक्षण कार्यक्रम एक समावेशी, सशक्त र नीतिगत दृष्टिले महत्वपूर्ण अभ्यास सावित भएको छ। यस परीक्षणमार्फत नगरपालिकाले आफ्ना नीति तथा कानून र योजना, संस्थागत व्यवस्था, मानव संसाधन तथा क्षमता विकास, सेवा प्रवाह तथा सुशासन तथा उत्तरदायित्व प्रणालीका पक्षहरूलाई विश्लेषण गरी सशक्त पक्षहरू पहिचान गर्नुका साथै सुधार आवश्यक पक्षहरू समेत चिनारी गरेको छ। GESI परीक्षणमा समेटिएका पाँचै क्षेत्र: नीति तथा कानून, योजना, संस्थागत व्यवस्था, मानव संसाधन तथा क्षमता विकास, सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्व, सबैमा समग्र सुधार देखिएको छ, जसले चन्द्रागिरी नगरपालिकाको प्रतिबद्धता, लगनशीलता र समावेशी अभ्यासप्रतिको अग्रसरता झल्काउँछ। गत आर्थिक वर्ष २०८०/०८१ मा कुल प्राप्ताङ्क ७०.५ रहेकोमा, यस वर्ष १८ अङ्कको उल्लेखनीय वृद्धिसहित कुल ८८.५ अंक प्राप्त गरेको छ, जुन समावेशी विकासप्रतिको स्पष्ट प्रगति हो।

क) **<u>नीति तथा कानून र योजनाका</u>**, क्षेत्रमा समावेशी नीति निर्माण, लक्षित समूहका लागि बजेट सुनिश्चितता, र योजना तर्जुमा प्रक्रियामा महिलासहित सिमान्तकृत वर्गहरूको प्रभावकारी सहभागिता देखिएको छ । यद्यपि, कार्यान्वयन र अनुगमन प्रणालीलाई अझ प्रभावकारी बनाउने, दीगो विकास लक्ष्यहरूको मूल्याङ्कन प्रणाली विकास गर्ने, र बजेट खर्चको परिणाममूलक मूल्याङ्कन प्रणालीलाई सुदृढ पार्ने आवश्यकता परीक्षणले देखाएको छ।

ख) **<u>संस्थागत व्यवस्था</u>**, सन्दर्भमा लैङ्गिक इकाइको सक्रियता, समावेशी आचारसंहिता, समिति तथा कार्यदलमा विविध प्रतिनिधित्व, लैङ्गिक बजेट व्यवस्था, सूचना र तथ्यांक व्यवस्थापन प्रणाली सशक्त देखिएको छ। तथापि, नीति निर्माणमा तथ्यांकको थप प्रयोग, वडा तहमा समावेशी कार्यक्रमको प्रभावकारी कार्यान्वयन, र बजेटको पारदर्शिता वृद्धिमा अझ सुदृढीकरणको आवश्यकता छ।

ग) **<u>मानव संसाधन तथा क्षमता विकासका</u>**, पक्षमा महिलालाई लक्षित तालिम, कानुनी साक्षरता तथा कुरीति र हिंसाविरुद्ध जनचेतनामूलक कार्यक्रमहरू प्रभावकारी देखिएका छन्। विपद् व्यवस्थापनमा समेत समावेशी रणनीति तथा सहभागिता सन्तोषजनक छ। तर, मानव स्रोत इकाइको स्थापना, कार्यान्वयन योजना र निरन्तरता सुनिश्चित गर्न, सहभागी संख्या तथा पहुँच विस्तार गर्न आवश्यक देखिन्छ।

घ) **<u>सेवा प्रवाह</u>**, शिक्षा, स्वरोजगार, सरसफाई, र विपद् समावेशिताका कार्यक्रमहरूमा उल्लेखनीय सुधार देखिएको छ। छात्रवृत्ति, यौन शिक्षा, र महिला उद्यमशीलता प्रवर्द्धन कार्यक्रम प्रभावकारी छन्। यद्यपि, पूर्वाधार र स्वास्थ्य सेवामा समावेशी पहुँच अझ सुधार गर्न, स्तनपान कक्षको स्थापना, जोखिमयुक्त श्रमबाट महिलाको सुरक्षा, र विशेष साक्षरता कार्यक्रमको थप विस्तार सिफारिस गरिन्छ।

ङ) **<u>सुशासनका</u>**, पक्षमा नीति, सेवा, जवाफदेहिता र अनुगमनमा नगरपालिकाको सक्रियता देखिन्छ। संघीय, प्रदेश र स्थानीय तहबीच समन्वय सन्तोषजनक छ। सूचना प्रवाह समावेशी देखिए तापनि, स्थानीय भाषामा सूचना विस्तार गर्न, नागरिकबाट उठाइएका प्रश्नहरूको

## ११. सुझावहरू

सुरेन्द्र थापा मगर
प्रमुख प्रशासकिय अधिकृत

### क) नीति तथा कानूनमा समावेशिता र सहभागिता

- कार्यान्वयन र अनुगमन प्रणालीलाई अझ सुदृढ बनाउने प्रयास गर्न अनुरोध छ।
- दीगो विकास लक्ष्य (SDGs) अनुसार मूल्यांकन प्रणाली बिकास गर्नुपर्ने देखिन्छ।
- बजेट खर्चको प्रभाव मूल्याङ्कन गर्ने प्रक्रिया बिकास गर्न आवश्यक छ।

### ख) संस्थागत व्यवस्था

- निर्णय तहमा महिला र सिमान्तकृत समुदायको प्रतिनिधित्व बढाउन र विविध बनाउने प्रयास गर्न अनुरोध छ।
- वडा तहमा समावेशी कार्यक्रमको कार्यान्वयन र अनुगमन अझै सुदृढ गर्न आवश्यक छ।
- नीति निर्माणमा तथ्यांकको प्रयोग बढाउन आवश्यक देखिन्छ।
- बजेट पारदर्शिता र सहभागी गुणस्तर सुनिश्चित गर्न सुधार गर्न आवश्यक छ।

### ग) मानव संसाधन तथा क्षमता विकास

- मानव स्रोत इकाइ स्थापना गरी कार्यक्रम सन्चालन गर्न अनुरोध छ।
- महिला, दलित, अपाङ्गता भएका समूहका लागि लक्षित तालिम र अभिमुखीकरण बिस्तार गर्न आवश्यक छ।
- कानुनी साक्षरता कार्यक्रमको निरन्तरता सुनिश्चित गर्न अझ आवश्यकता छ।
- कुरीति र हिंसाविरुद्धका सचेतनामूलक कार्यक्रममा सहभागिता र बजेट बिस्तार गर्न जरुरी छ।
- विपद् व्यवस्थापनमा सिमान्तकृत समुदायको पहुँच बढाउन अझ धेरै जरुरी छ।

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
प्रदेश, नेपाल

### घ) सेवा प्रवाह

- सबै सार्वजनिक पूर्वाधारहरूलाई महिला, बालबालिका तथा अपांगमैत्री बनाउने प्रयास अझै बढाउन अनुरोध छ।
- स्तनपान कक्षको व्यवस्था, जोखिमयुक्त श्रममा रोक र स्वास्थ्य बीमा सुनिश्चित गर्न अझै आवश्यकता छ।
- निरक्षर महिलाहरूका लागि लक्षित साक्षरता कार्यक्रम प्रभावकारी रूपमा विस्तार गरिएको छ, यस्ता कार्यक्रमहरू अझ बढी गर्न सिफारिस गरिन्छ।
- स्वरोजगार, वैदेशिक रोजगारीमा जाने महिला र बचिंतिकरणमा परेका समुदायका लागि कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरिएको छ। अझ व्यापक बनाउने सिफारिस गरिन्छ।
- फोहोर व्यवस्थापन, सरसफाई र जनचेतना कार्यक्रमहरू सन्चालनमा अझै जोड दिन अनुरोध छ।
- ग्रामीण क्षेत्रमा स्वरोजगार र उद्यमशीलता तालिमको पहुँच बढाउन अझै बढी जरुरी छ।

सुरेन्द्र थापा मगर
प्रमुख प्रशासकिय अधिकृत

ङ) सुशासन

- लैङ्गिक र समावेशी नीतिलाई संस्थागत गरेर कार्यान्वयन गर्न अनुरोध छ।
- उठाइएका प्रश्नहरूको जवाफदेहिता सुनिश्चित गर्न आवश्यकता छ।
- सूचना प्रवाहलाई आवश्यक अनुसार स्थानीय भाषामा समेत विस्तार गर्न जरुरी छ।
- योजनाको अनुगमनमा सिकाइ समेट्ने प्रक्रिया अझ बढी सहभागी गराउने प्रयास गर्न जरुरी छ।
- संघ, प्रदेश र सरोकारवालासँग समन्वय गरी राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनमा सक्रिय भूमिका लिन जरुरी छ।

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

JESI-GRB अडिट प्रतिवेदनको प्रस्तुति तथा हस्तान्तरणका तस्वीरहरू।




सुरेन्द्र थापा मगर
प्रमुख प्रशासकिय अधिकृत




चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल






सुरेन्द्र थापा मगर
प्रमुख प्रशासकिय अधिकृत

अनुसुची-१

मिति २०८२।४।१ गतेका दिन चन्द्रागिरि नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत श्री सुरेन्द्र थापा मगरको अध्यक्षतामा आयोजना भएको लैङ्गिक समानता र सामाजिक समावेसीकरण परिक्षण सम्बन्धि छलफल तथा सुझाव संकलन बैठकमा उपस्थित सहभागि ज्यूहरुको नामावली

| क्र.स | नाम थर | पद | महिला | पुरुष |
|---|---|---|---|---|
| १ | श्री सुरेन्द्र थापा मगर | प्रमुख प्रशासकिय अधिकृत | | ✓ |
| २ | श्री सुजन राज खनाल | शिक्षा निर्देशक | | ✓ |
| ३ | श्री दामोदर रिजाल | शाखा अधिकृत | | ✓ |
| ४ | श्री महेश दत्त भट्ट | लेखा अधिकृत | | ✓ |
| ५ | श्री रश्मी श्रेष्ठ | महिला विकास अधिकृत आठौ | ✓ | |
| ६ | श्री भद्रा अर्याल | बरिष्ठ शाखा अधिकृत | ✓ | |
| ७ | श्री अनिता पौडेल | महिला बालबालिका शाखा अधिकृत छैठौं | ✓ | |
| ८ | श्री रश्मी धिमाल | आ.ले.प लेखा अधिकृत | ✓ | |
| ९ | श्री राजेन्द्र राई | खानेपानि शाखा | | ✓ |
| १० | श्री बुद्धी प्रशाद भट्ट | बरिष्ठ शिक्षा अधिकृत | | ✓ |
| ११ | श्री नुमानन्द दमासे | बरिष्ठ शाखा अधिकृत | | ✓ |
| १२ | श्री लक्ष्मी ढकाल | बरिष्ठ महिला बिकास अधिकृत | ✓ | |
| १३ | श्री गिता देवी शर्मा | शाखा अधिकृत सातौ | ✓ | |
| १४ | श्री राम प्रशाद न्यौपाने | कृषि शाखा प्रमुख | | ✓ |
| १५ | श्री तारा प्रशाद पोखरेल | जन निरिक्षक | | ✓ |
| १६ | श्री पुष्प राज शर्मा | रोजगार संयोजक | | ✓ |
| १७ | श्री बसन्त बहादुर के.सी | शाखा अधिकृत | | ✓ |
| १८ | श्री डा. करन बहादुर कठायत | पशु विकास अधिकृत | | ✓ |
| १९ | श्री थापा मगर | वरिष्ठ सहायक | | ✓ |
| २० | श्री निराजन मैनाली | अधिकृत सातौ | | ✓ |
| २१ | श्री राजु बहादुर खड्का | अधिकृत | | ✓ |
| २२ | श्री चिरन्जिवी खड्का | वरिष्ठ सहायक | | ✓ |
| २३ | श्री राम प्रसाद श्रेष्ठ | परामर्श दाता | | ✓ |
| २४ | श्री रिवाज श्रेष्ठ | इन्जिनियर | | ✓ |
| २५ | श्री लव कुमार गुप्ता | इन्जिनियर | | ✓ |

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल